मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : १०१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन १४ गते बिहीबार (Thursday, 26 February. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## 'फेक रेस्क्यू' मा संलग्न थप दुई जना पक्राउ

**काठमाडौँ, फागुन १३।** पर्वतारोहण क्षेत्रमा भएको 'फेक रेस्क्यू'मा संलग्न थप दुई जना पक्राउ परेका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले ठमेलस्थित रोयल होलिडेज एडभेञ्चर एण्ड ट्राभल कम्पनीका प्रतिनिधि २८ वर्षीय सन्दीप तिवारी र विमान सेवा सञ्चालक संघका पूर्वउपाध्यक्ष ५६ वर्षीय राजेन्द्रबहादुर सिंहलाई पक्राउ गरेको हो ।

काठमाडौँ महानगरपालिका वडा नं. ३१का सिंह बुधवार पक्राउ परेका हुन् भने धादिङको ज्वालामुखी गाउँपालिका

(बाँकी अन्तिम पृष्ठमा)

## प्रचारप्रसारमा अवरोध गरे हुनेछ यस्तो सजाय




**काठमाडौँ, फागुन १३।** फरक राजनीतिक दल वा उम्मेदवारलाई निर्वाचन प्रचारप्रसारमा कुनै अवरोध गरेको पाइए रु दुई लाख बराबरको जरिवाना हुने भएको छ ।

संघीय कानून बमोजिम निर्वाचनको प्रचारप्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट बञ्चित गर्ने उद्देश्यले वाधा अवरोध पुऱ्याउने वा पुऱ्याउन लगाउने वा थुनछेक गर्ने वा गराउने कार्य गरेमा रु. दुई लाख जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुने कानूनी व्यवस्था रहेको निर्वाचन आयोगले जनाएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा सहभागी राजनीतिक दल वा उम्मेदवारको चुनावी प्रचारप्रसारलाई आयोगले विभिन्न माध्यमबाट अनुगमन गरिरहेको उल्लेख छ। कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारको कार्यलाई अन्य कुनै राजनीतिक दल वा उम्मेदवार वा दलका कार्यकर्ता वा आम नागरिकले विभिन्न तरिकाले अवरोध सिर्जना गरेको गुनासो र उजुरी प्राप्त भएको आयोगले जनाएको छ ।

यस्तै, विभिन्न सञ्चारमाध्यमबाट समेत यस्ता विषयमा जानकारी भएकोमा आयोगले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

राजनीतिक दल, उम्मेदवार वा दलको भातृसङ्गठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण सम्बन्धमा निर्वाचन आचारसंहिता जारी भइसकेको छ। सो आचारसंहितामा कुनै राजनीतिक दल, उम्मेदवार वा दलको भातृ सङ्गठनले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुऱ्याउन नहुने व्यवस्था छ ।

निर्वाचन (कसुर तथा सजाय) ऐन अनुसार, निर्वाचनको सिलसिलामा कुनै पनि व्यक्तिलाई निर्वाचनमा उम्मेदवारी दिन वा निर्वाचन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम निर्वाचनको प्रचारप्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट बञ्चित गर्ने उद्देश्यले वाधा अवरोध गर्न नपाइने व्यवस्था छ ।

आसन्न निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष तथा भयमुक्त वातावरणमा सम्पन्न गराउने दायित्व राजनीतिक दल,

(बाँकी अन्तिम पृष्ठमा)

### बिर्तामोड-बसपार्क समन्वय समितिको आन्दोलन फिर्ता

# ५१ विगाहामा दल र उम्मेदवारलाई प्रवेश खुल्ला



**बिर्तामोड, फागुन १३।** झापाको बिर्तामोड र अर्जुनधारा नगरपालिका क्षेत्रमा रहेको ५१ बिगाह जग्गाको रोक्का फुकुवा गर्ने र आन्दोलनरत् पक्षले आफ्ना आन्दोलनका कार्यक्रम फिर्ता लिने सहमति भएको छ ।

झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालको नेतृत्वमा अर्जुनधारा नगरपालिकाको कार्यालयमा सम्पन्न सर्वपक्षीय बैठकले ६ बुँदे समझदारी गर्दै लामो समयदेखिको विवादलाई निकास दिएको हो ।

सहमतिसँगै बसपार्कको ५१ विगाहा क्षेत्रमा राजनीतिक दल र उम्मेदवारहरुलाई 'प्रवेश निषेध' लेखिएका होर्डिङ बोर्ड तथा व्यानरहरु हटाइएको छ। बोर्ड हटाइएसँगै दल र उम्मेदवारहरुलाई अब उक्त क्षेत्रमा मत माग्न र राजनीतिक गतिविधि सञ्चालनका लागि प्रवेश खुल्ला भएको छ । त्यहाँ शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गर्ने गरी आन्दोलनरत् पक्षले सहमति जनाएका हुन् । राजनीतिक दलहरुले पीडितलाई न्याय दिलाउन जस्तोसुकै परिस्थितिमा पनि साथ दिने प्रतिबद्धता जनाए ।

विगत लामो समयदेखि बिर्तामोड नगरपालिका-५ र अर्जुनधारा नगरपालिका वडा नम्बर ११मा रहेको जग्गा विभागीय कार्यालयबाट रोक्का भएपछि स्थानीयबासीहरू आन्दोलित थिए । उनीहरूले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य पदको निर्वाचनलाई लक्षित गरी राजनीतिक दल र उम्मेदवारहरूलाई क्षेत्र प्रवेशमा रोक लगाउने तथा निर्वाचन सम्बन्धी गतिविधिमा निषेध गर्ने घोषणा गरेका थिए । संवाद समूह कोशीको संयोजन र सहजीकरणमा भएको बैठकमा दुवै नगरपालिकाका जनप्रतिनिधिहरूले सो जग्गा कानून बमोजिम फुकुवा गर्न सम्बन्धित निकायहरूमा विशेष पहल गर्ने र पीडितहरूको माग पूरा गर्न सामुहिक प्रतिबद्धता व्यक्त गरेका छन् ।

सहमतिको मुख्य उपलब्धिका रूपमा बसपार्क समन्वय समितिले आजैका मितिदेखि आन्दोलनका सबै कार्यक्रमहरू फिर्ता लिएको छ । निर्वाचन लोकतन्त्रको आधार भएको र मतदान गर्ने नागरिकको अधिकारलाई सम्मान गर्दै बसपार्क क्षेत्रमा निर्वाचन गतिविधि सञ्चालनका लागि सहज वातावरण बनाउन आन्दोलनरत पक्ष सहमत भएको हो । यससँगै ५१ बिगाह क्षेत्रभित्र राखिएका 'प्रवेश निषेध' सम्बन्धी सम्पूर्ण होर्डिङ बोर्ड, ब्यानर र निषेधात्मक सामग्रीहरू आजैका दिनदेखि हटाउने भएको थियो ।

यदि यो समस्या आगामी दिनमा पनि समाधान नभएमा राजनीतिक दलहरूले कानूनी उपचारको प्रक्रियामा आवश्यक साथ र सहयोग गर्ने सामुहिक ऐक्यबद्धता समेत जनाएका छन् । आगामी फागुन २१ गते हुने निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहीत वातावरणमा सम्पन्न गर्न सबै सरोकारवालाहरूले आफ्नो तर्फबाट पूर्ण प्रतिबद्धता जनाएपछि क्षेत्रको तनाव मत्थर भएको हो । बैठकमा

(बाँकी अन्तिम पृष्ठमा)

### यस्तो छ ६ बुँदे सहमति

१) झापाको बिर्तामोड नगरपालिका वडा नम्बर ५ र अर्जुनधारा नगरपालिका वडा नम्बर ११ स्थित बसपार्क क्षेत्रको ५१ बिगाह जग्गा कानून बमोजिम खरिद गरी लामो समयदेखि नागरिकहरु बसोबास भइरहेको बारेमा सरोकारवालाहरु सबै जानकार छौं, अहिले सो क्षेत्रको जग्गा रोक्का अवस्थामा रहेकोले घडेरी तथा घरजग्गाहरु यथाशीघ्र फुकुवा गर्न माग गर्ने, पीडितहरुको माग पूरा गर्ने पहलका लागि राजनीतिक दलहरुबाट सामुहिक प्रतिवद्धता व्यक्त गर्दछौं ।

२) बिर्तामोड नगरपालिका वडा नं. ५ तथा अर्जुनधारा वडा नं. ११ को समस्या समाधान गर्न दुबै पालिकाका जनप्रतिनिधिहरूले ५१ बिगाह जग्गा तत्काल फुकुवा गर्न सम्बन्धित निकायहरूमा विशेष पहल गर्ने ।

३) लामो समयसम्म पनि समस्या समाधान नभएमा कानूनी उपचारको प्रक्रियामा राजनीतिक दलहरुबाट आवश्यक साथ, सहयोगकालागि ऐक्यबद्धता रहेको छ ।

४) निर्वाचन लोकतन्त्रको आधार भएको हुनाले मत माग्ने र मतदान गर्ने नागरिकको अधिकारको

(बाँकी अन्तिम पृष्ठमा)

## अनलाइन स्क्यामिङः नेपालीलाई आममाफी दिन तयार



**काठमाडौं, फागुन १३।** परराष्ट्र मन्त्रालयले अनलाइन स्क्यामिङमा पक्राउ परेका १८ नेपाली कैदीलाई म्यानमारले आममाफी दिन सकारात्मक देखिएको जनाएको छ ।

बुधबार सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा परराष्ट्र मन्त्रालयको दक्षिणपूर्वी एशिया तथा प्रशान्त क्षेत्र महाशाखा प्रमुख प्रकाश अधिकारीले अवैध रुपमा म्यानमार पुगेर अनलाइन स्क्यामिङमा पक्राउ परेका नेपालीहरुलाई आममाफी दिन सकारात्मक देखिएको जानकारी दिएका हुन् ।

म्यानमारले अनलाइन स्क्यामिङ केन्द्रमा काममा लगाइएका १८ जना नेपालीलाई पक्राउ गरी एक वर्ष कैद सजाय सुनाएको थियो । त्यसलगतै म्यानमारका लागि नेपालका राजदूतसँग सम्पर्क गरी म्यानमारका उपविदेशमन्त्री र गृहमन्त्रीसँग भेटघाट गर्दा आममाफी दिन सकारात्मक रहेको जवाफ प्राप्त भएको अधिकारीले बताए ।

म्यानमारले अवैध अनलाइन स्क्यामिङमा १७ देशका ४९५ जनालाई पक्राउ गरेको भएपनि नेपाल र म्यानमारको अत्यन्त राम्रो द्विपक्षीय सम्बन्ध भएको कारणले नेपालीहरुलाई छाड्ने तयारी गरेको उनको भनाइ छ । अधिकारीले थाइल्याण्ड र म्यानमारमा आकर्षक तलवको प्रलोभन देखाई भारत लगायत अन्य देशको बाटो हुदै त्यसतर्फ पठाउने गरेको पाइएको उल्लेख गरे । उनीहरुलाई सुरक्षा गार्ड, अनलाइन डेटिङ, अनलाइन क्यासिनो, गेमिङ तथा फिसिङ, क्रिप्टो ठगी लगायतका क्रियाकलापमा संलग्न गराउने गरेको पाइएको अधिकारीले बताए ।

थाइल्याण्ड र म्यानमार पुगेका नेपालीहरुलाई निश्चित लक्ष्य दिइने र सो पूरा गर्न नसके प्रताडित गर्ने, शोषण गर्ने गरेको गुनासो धेरै नै आउने गरेको उनको भनाइ छ । परराष्ट्रले अनलाइन ठगी केन्द्रहरूमा फसेका नेपाली नागरिकहरू उद्धार गरी नेपाल फर्काउनका लागि सम्बन्धित देशका दूतावासहरुमार्फत निरन्तर पहल गरिरहेको जनाएको छ ।

स्क्यामिङ केन्द्रहरूबाट हालसम्म तीन सय ९२ जना नेपाली नागरिकहरूलाई उद्धार गरी नेपाल फर्काइसकिएको र उद्धारको लागि प्रक्रियामा रहेका नेपालीको संख्या हाल तीन सय ९ जना रहेको समेत परराष्ट्रले जानकारी दिएको छ ।

# नेपाल तरकारीमा कति आत्मनिर्भर ?



**काठमाडौं, फागुन १३।** राष्ट्रिय स्वतन्त्र पार्टीले प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेका बालेन्द्र शाह 'बालेन'ले पूर्वी नेपालको एउटा चुनावी सभामा स्थानीय उत्पादन र भारतबाट आयात गरिएको तरकारीबारे टिप्पणी गरेपछि सामाजिक सञ्जालमा नेपाल तरकारी उत्पादनमा आत्मनिर्भर छ कि छैन चर्चा हुन थालेको छ ।

इटहरीमा सम्बोधन गर्दा मङ्गलवार उनले पूर्वी पहाडमा उत्पादित तरकारी झापा, मोरङ र सुनसरीका बासिन्दाहरूले खान नपाएको टिप्पणी गर्दै उक्त 'दु:खद् अवस्थाको समाधान' गर्न आफ्नो दलले चाहेको बताएका थिए । सामाजिक सञ्जालमा प्रतिक्रिया व्यक्त गर्ने कतिपयले काठमाडौं महानगरका पूर्वप्रमुखले तरकारी उत्पादनको केन्द्र भनेर परिचित जिल्लाबारे टिप्पणी गर्दा त्यहाँ लाखौं मेट्रिक टन तरकारी उत्पादन भइरहेको तथ्यलाई बेवास्ता गरेको जनाएका छन् । सरकारी अधिकारीहरूले तरकारीमा नेपालको आत्मनिर्भरता बढ्दै गएको तर भारतबाट तरकारी आयात गर्नुपर्ने परिस्थिति रहेको स्वीकार गरेका छन् ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको गतवर्षको तथ्याङ्कले १३ अर्ब ८८ करोड रुपैयाँभन्दा बढीको तरकारी नेपालले भारतबाट आयात गरेको देखाउँछ । व्यवसायीहरूले प्याज, आलु, कागतीसहित भान्सामा नियमित प्रयोग हुने सागपात भारतसँगको निर्भरता 'कहालिलाग्दो' गरी बढेको टिप्पणी गर्दै त्यसलाई अन्त्य गर्न सरकारले नीतिगत पहलकदमी लिनुपर्नेमा जोड दिएका छन् । अझ कतिपय हाटबजारमा भारतबाट तरकारीहरू आयात गरी स्थानीय उत्पादन भएको दाबी गर्दै बेच्ने प्रवृत्ति रहेको स्थानीय बजारका कतिपय अगुवाहरूले नै स्वीकार गरेका छन् ।

**बालेनले के भनेका थिए ?**

राष्ट्रिय स्वतन्त्र पार्टीले इटहरीमा आयोजना गरेको सभामा बोल्दै बालेनले सहभागीहरूलाई सबैभन्दा पहिले कहाँको चिया खानुभयो ? भन्दै प्रश्न गरेका थिए । इलाम वा दमक कहाँको चिया खानुभयो भनेर प्रतिप्रश्न गरेपछि उनले खाना र तरकारीको प्रसङ्ग उठाए ।

बिहान खानामा कहाँको तरकारी खानुभयो ? बोर्डरपारिको खानुभयो ? तेह्रथुम, पाँचथरमा उत्पादित तरकारी खान पाउनुभएको छैन तपाईंहरूले । हाम्रै पूर्वी पहाडमा उत्पादित तरकारीहरू, उब्जाहरू यहीं मुनि तराईमा झापा, सुनसरी, विराटनगरमा खान पाइएको छैन । यो दु:खको अवस्थाको समाधान गर्नुपर्छ । त्यो दु:खको समाधान गर्ने पार्टी बन्न चाहन्छ, राष्ट्रिय स्वतन्त्र पार्टी ।

बालेनको उक्त अभिव्यक्ति आएपछि सामाजिक सञ्जालका प्रयोगकर्ताहरूले त्यसको पक्ष विपक्षमा टिप्पणी गरेको देखिन्छ । कोशी प्रदेशको कृषि विकास निर्देशनालयले सार्वजनिक गरेको तथ्याङ्कले

(बाँकी अन्तिम पृष्ठमा)

## निर्वाचन सामग्री र मतपत्र ७५ जिल्लामा

**काठमाडौँ, फागुन १३।** यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ७५ जिल्लामा निर्वाचन सामग्रीसहित मतपत्र पुऱ्याइएको छ ।



काठमाडौँ र भक्तपुरबाहेक सबै जिल्लामा मतपत्रसहितका सामग्री पुऱ्याइएको निर्वाचन आयोगले जनाएको हो । 'पहिलो हुने निर्वाचित हुने' र 'समानुपातिक निर्वाचन प्रणाली'तर्फका मतपत्र ७५ जिल्ला पुऱ्याइएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए । काठमाडौँ र भक्तपुरका निर्वाचन कार्यालयमा बिहीबार निर्वाचन सामग्री र मतपत्र पुऱ्याइने छ ।

## शरीर बन्धक कसुरमा पक्राउ

**काठमाडौं, फागुन १३।** अपहरण तथा शरीर बन्धक कसूरमा संलग्न रहेको अभियोगमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-१४ कलंकी बस्ने सुर्खेत वीरेन्द्रनगर नगरपालिका-५ घर भएका २६ वर्षीय फपेन्द्र न्यौपाने, जुम्ला तिला गाउँपालिका-८ घर भएका ३६ वर्षीय धनराज बस्नेत र कास्की माछापुच्छ्रे गाउँपालिका-७ घर भएका ४२ वर्षीय शिवबहादुर घर्ती रहेका छन् ।

काठमाडौं महानगरपालिका-१२ टेकूस्थित

(बाँकी अन्तिम पृष्ठमा)

## अवैध विदेशी मुद्रा ल्याएपछि...

**काठमाडौँ, फागुन १३।** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा जाँचका क्रममा ठूलो परिमाणको अवैध विदेशी मुद्रासहित एक जना विदेशी नागरिकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सिचुवान एयरलाइन्सको उडानमार्फत काठमाडौँबाट चीन जान लागेकी ५१ वर्षीया स्वीडिस नागरिक कुन्चोक खाण्ड्रो पक्राउ परेकी हुन् ।

उनले आफ्नो झोलामा लुकाएर बाह्य

(बाँकी अन्तिम पृष्ठमा)


**निर्वाचनलाई वातावरणमैत्री बनाऔं ।**

- सभा, जुलुस, ऱ्याली वा घरदैलो जस्तो कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं ।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं ।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं ।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलुस वा ऱ्यालीमा ध्वनि तथा वायु प्रदुषण न्यून गर्ने उपाय अपनाऔं ।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्री प्रयोग नगरौं ।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं ।
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं ।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।

**हरित निर्वाचन अभियानलाई सफल पारौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

उपचार हुने रोगहरू

- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा सँास फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४५११७४

# भारतीय गिरोहको ठगी धन्दा, सात जना पक्राउ

पार्थ मण्डल

**झापा, फागुन १३।** नेपाल-भारत सीमावर्ती बजार क्षेत्रमा सक्रिय एक भारतीय गिरोहले ठगी धन्दा सञ्चालन गर्दै आफ्नै देशका नागरिकलाई लुट्दै आएको एउटा घटना सार्वजनिक भएको छ।

घटनामा संलग्न एक नेपाली, ६ भारतीय नागरिकसहित सात जना पक्राउ परेको जिल्ला प्रहरी कार्यालय झापाले बुधवार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो।

उनीहरूले नेपालका सीमावर्ती क्षेत्रमा बसेर विभिन्न बहाना बनाउँदै आफ्नै देशका नागरिकलाई लक्षित गरी करोडौँ रकम असुल्ने योजना बनाउँदै आएको प्रारम्भिक अनुसन्धानको क्रममा खुलेको छ।

पक्राउ पर्नेहरूमा भारत पश्चिमबंगाल आदर्श पल्लीका ४५ वर्षीय अरिन्दम धर, पश्चिमबंगाल सारत पल्लीका ३६ वर्षीया दीपा भौमिक, पश्चिमबंगाल दक्षिण २४ परगना हरिनभीका ३५ वर्षीय सुमन सरकार, पश्चिम बंगाल दक्षिण २४ परगना मुसलमान पाराका ३७ वर्षीय नुर कलाम शेख, पश्चिम बंगाल जलपाइगुरीका ५२ वर्षीय अबेद अली हुसेन, पश्चिम बंगाल राज्य उत्तर दीनाजपुर फालाहाकाटाका २० वर्षीय फारुक अज्मी र झापा कमल गाउँपालिका-६का ४३ वर्षीय देवेन्द्र सापकोटा रहेका छन्।

घटनाको बारेमा जानकारी गराउँदै प्रहरी प्रवक्ता तथा डीएसपी खगेन्द्रबहादुर खड्काले गिरोहका सदस्यहरूले नेपालमा आफूहरूले व्यापारमा लगानी गरी मनग्य नाफा कमाएको तर कानूनी अड्चनका कारण उक्त रकम नेपालका सरकारी निकायले जफत गरेको दावी गर्ने र सो रकम भारततर्फ ल्याउन 'पेनाल्टी' स्वरूप जरिवाना तिर्नुपर्ने भएकाले तत्काल केही रकम आवश्यक परेको भन्दै उनीहरूले विभिन्न प्रलोभन देखाएर चिनजान वा व्यापारिक पृष्ठभूमिका व्यक्तिहरूलाई भिडियो सन्देश पठाएर रकम असुल्ने योजना बनाउँदै आएका थिए। उनीहरूले यसपटक एक जना कलकत्ताका एक व्यवसायीलाई प्रलोभनमा पारी १२ करोड भारतीय रुपैयाँ असुल्ने योजना बनाएको अनुसन्धानको क्रममा खुलेको छ।




घटना विवरण अनुसार मंगलबारसाँझ ६ बजेको समयमा डब्लुबी ०६एक्स०३०० नम्बरको टोयोटा कम्पनीको फर्च्युनर र डब्लुबी०६यु ३००६ नम्बरको सुजुकी कार शङ्कास्पद रुपमा चन्द्रगढी बजारबाट काँकरभिट्टातर्फ गइरहेको अवस्थामा सशस्त्र प्रहरी बल नेपाल, २ नम्बर हेडक्वाटर गणले भद्रपुर-८स्थित घोडामारामा चेकजाँच क्रममा रोकेको थियो। दुवै गाडीलाई चेकजाँच गर्दा नेपाल प्रहरीको आइडी कार्ड, सरकारी छाप लगायतका अन्य कागजातहरू फेला परेपछि उनीहरूलाई नियन्त्रणमा लिएर नेपाल प्रहरीलाई बुझाएका थिए।

प्रहरीले थप अनुसन्धान गर्दा उनीहरूले मेचीनगर नगरपालिका-४ आमडाँगीमा लुकाइछिपाइ राखिएको २१ वटा टिनको बक्सा र २३७ बण्डल नोट आकारको सादा कागज राखेको जानकारी भएपछि सो सामान पनि बरामद गरिएको डीएसपी खड्काले बताए। साथै उनीहरूको साथबाट सरकारी छाप तथा दस्तखत किर्ते कागजातहरू, नेपाल सरकारको निशान छाप र नेपाल प्रहरीको किर्ते गरी बनाइएको परिचय-पत्र, नक्कली सरकारी डकुमेन्टहरू समेत बरामद भएको उनको भनाइ छ।

'उनीहरूले नोट आकारको सादा कागजको प्रत्येक बन्डलमा तल माथि सक्कली नेपाली नोट र साथमा सरकारी कार्यालयको पत्र समेत राखी आफूले व्यापारमा लगानी गरी नाफा कमाएको रकम भन्दै व्यवसायीलाई प्रलोभनमा पार्न भिडियो सन्देश पठाउँथे'- उनले भने।

डेढ महिना अगाडि उनीहरूले पैसाको फोटो र भिडियो बनाउन मेचीनगर-४स्थित एक होटेलमा कोठा लिई उक्त टिनको बक्सा र नोट आकारको सादा कागजको बन्डलको फोटो तथा भिडियो बनाएको उनले बताए।

उनीहरूले त्यसरी लुटेका रकम नेपालका विभिन्न क्यासिनोमा लगानी गर्ने योजना बनाएका थिए। त्यसमध्ये पक्राउ परेका अरन्दिम धर काठमाडौँको एउटा क्यासिनोमा लगानी गरिसकेका व्यक्ति हुन्। पक्राउ परेका उनीहरूलाई मुलुकी अपराधसंहिता २०७४ बमोजिम लिखत सम्बन्धी कसुर अन्तर्गत अनुसन्धान तथा कारबाही प्रक्रिया अघि बढाएको प्रहरीले जनाएको छ।

# प्रदर्शनरत् नेपाली फिल्म्को कमाइ कति ?

**काठमाडौँ, फागुन १३।** चलचित्र विकास बोर्डले हाल चलचित्र भवनमा प्रदर्शनरत नेपाली चलचित्रको व्यावसायिक विवरण सार्वजनिक गरेको छ। बोर्ड अन्तर्गत रहेको 'सिनेपा एटदरेट बक्सअफिस' ले प्रदर्शनरत नेपाली चलचित्रको गएको फागुन ९ गतेसम्मको कारोबार सम्बन्धी विवरण सोमबार सार्वजनिक गरेको हो।

गतमाघ १६ गतेदेखि प्रदर्शन भएको चलचित्र 'आ बाट आमा' ले रु. ११ करोड २४ लाख छ हजार ९६९ कमाइ गरेको छ। मनोरञ्जनसँगै देश परिवर्तनको विषयलाई उठान गरेको उक्त चलचित्रका लागि कूल चार लाख २३ हजार १११ टिकट बिक्री भएका छन्।

चन्द्र पन्तले निर्देशन गरेको उक्त चलचित्रमा अभिमन्यू निरवीले संवाद लेखन, गम्भीर विष्टले नृत्य निर्देशन र कोशिस क्षेत्री, बाबुल गिरी र थानेश्वर गौतमले सङ्गीत सिर्जना गरेका छन्।

गतमाघ २३ गतेदेखि प्रदर्शन भएको चलचित्र 'कुमारी' ले रु. ६३ लाख २४ हजार ७१ कमाइ गरेको छ। दिनेश राउतको निर्देशनमा तयार भएको उक्त चलचित्रका लागि कूल १९ हजार ३७९ टिकट बिक्री भएका छन्। अविशेक खड्का र आकृतीराज भण्डारीलगायतको अभिनय रहेको चलचित्रले अपेक्षाकृत व्यापार गर्न सकेन। जेनजीको प्रेम कथा भनिएको चलचित्रले दर्शक समीक्षा राम्रो पाउन नसक्दा त्यसको असर व्यापारमा परेको देखिएको छ।

गतमाघ २३ गतेदेखि प्रदर्शन भएको चलचित्र 'रमिताको पिरती' ले रु. २५ लाख ५५ हजार ८३ कमाइ गरेको छ। नवनिर्देशक सुदीप्ता अधिकारीको निर्देशनमा तयार भएको उक्त चलचित्रका लागि कूल सात हजार ८०३ टिकट बिक्री भएका छन्। आना शर्मा, धीरज मगर, विनय श्रेष्ठ, समिर श्रेष्ठ लगायतका कलाकारको अभिनय रहेको उक्त चलचित्रले दर्शक समीक्षा राम्रो प्राप्त गरेता व्यापार भने राम्रो गर्न सकेको छैन। माघ २३ मा प्रदर्शन भएका दुवै चलचित्रको व्यापार निकै न्यून भएको छ।

गत फागुन १ गतेदेखि प्रदर्शन भएका तीन चलचित्र 'श्री बुकुरो', 'शिवांश : च्याप्टर १' र 'बिगुल' ले अपेक्षाकृत व्यापार गर्न नसकेपछि प्रदर्शन स्थगित गरिसकेका छन्। सुदीप भूपाल सिंहले निर्देशन गरेको चलचित्र 'श्री बुकुरो' ले रु. दुई लाख ७२ हजार ९३० कमाइ गरेको छ। यसले पहिलो सातामा गरेको यो निकै न्यून व्यापार हो।

फागुन १ गतेदेखि प्रदर्शन भएको चलचित्र 'शिवांश' ले रु. दुई लाख ६१ हजार ७५० कमाइ गरेको छ। सन्तोषकुमार आत्रेयले निर्देशन गरेको उक्त चलचित्रका लागि कूल ७८७ टिकट बिक्री भएका छन्। चलचित्र अभिनेता प्रवीण खतिवडा, तेज गिरी, विमला लिम्बू, रुषा न्यौपाने, विकास जोशी, प्रदीपकुमार चौधरी, सबिर चुरौटे, उदयकुमार सुब्बा, टीका निरौलालगायत कलाकारको अभिनय छ। अञ्जान केसीले कथा लेखेको चलचित्रको पटकथा बारत लिम्बूको रहेको छ।

फागुन १ गतेदेखि नै प्रदर्शन भएको चलचित्र 'विगुलले' ले रु. आठ लाख ९७ हजार ४१० कमाइ गरेको छ। रमेश कोइरालाको निर्देशनमा तयार भएको उक्त चलचित्रका लागि कूल दुई हजार ६०९ टिकट बिक्री भएका छन्। चलचित्र बेनिशा हमाल, नरेन खड्का, रमेश बुढाथोकी, सरोज खनाल लगायतका कलाकारले अभिनय गरेका छन्।

## नेपाल ...

आर्थिक वर्ष २०८०/०८१मा सुनसरीमा ७,६०० हेक्टर जमिनमा तरकारी खेती गरिएको र एक लाख एक हजार मेट्रिक टन उत्पादन भएको देखाउँछ।

त्यसैगरी मोरङमा ९,६०० हेक्टर क्षेत्रफलमा एक लाख ३७ हजार मेट्रिक टन र झापामा १० हजारभन्दा बढी हेक्टर क्षेत्रफलमा एक लाख ८७ हजार मेट्रिक टन तरकारी उत्पादन भएको देखाउँछ। समग्र कोशी प्रदेशमा आठ लाख २ हजार मेट्रिक टन विभिन्न थरीका तरकारीहरू उत्पादन भएको तथ्याङ्क छ। तर व्यवसायीहरूले उक्त उत्पादन पर्याप्त नरहेको उल्लेख गर्दै कतिपय हाटबजारमा ६० प्रतिशत तरकारी भारतबाट आउने दाबी गरेका छन्।

कृषि बजार व्यवस्थापन समिति बिर्तामोडका व्यवस्थापक सीताराम नेपालले भने- हाम्रोमा भारतबाट ६० (प्रतिशत) तरकारी आयो भने नेपालबाट ४० (प्रतिशत) आउँछ। भारतबाट आउन पाएन भने यहाँ तरकारीको भाउ एक्कासि बढ्छ। भारतबाट आएन भने एक सय रुपैयाँमा पाइने खोर्सानी चार सय रुपैयाँ पुग्छ। उनले तराईकै अन्य जिल्लाहरू र पूर्वी पहाडका कतिपय ठाउँहरूका कृषि उत्पादन पनि बिर्तामोडको हाटबजारसम्म आइपुग्ने भन्दै त्यहाँबाट केही सामान भारत र केही काठमाडौंसम्म पनि पुग्ने जनाए।

कोशी प्रदेश सरकार अन्तर्गतको कृषि विकास निर्देशनालयका प्रमुख प्रकाशकुमार डाँगी मध्यपहाडका कैयौँ बजारका तरकारीहरू तराईसम्म आउने गरेको बताउँछन्। पूर्वको कुरा गर्नुहुन्छ भने भोजपुर, धनकुटामा उत्पादन भएका तरकारीहरू धरान र विराटनगर बजारमा आउने यो हामीले गर्ने अनुगमनमा पनि देखिएको छ। पहाडी क्षेत्रमा जति उत्पादन हुन्छ, त्यहाँ खपत भएर बाँकी हुनेमध्ये सबै आउने तल नै हो।

**कहाँ कति उत्पादन हुन्छ ?**

कोशी प्रदेशभन्दा झन्डै दोब्बर भूगोलमा मधेश प्रदेशमा तरकारी खेती हुन्छ र त्यहाँ आर्थिक वर्ष २०८०/०८१मा १४ लाख मेट्रिक टन तरकारी उत्पादन भएको थियो। तेस्रोमा बाग्मती प्रदेश पर्छ जहाँ ८ लाख ८७ हजार मेट्रिक टन तरकारी उत्पादन भएको थियो।

सन् २०२३/०२४ देशभर ४४ लाख ४० हजार मेट्रिक टन तरकारी उत्पादन भएको आँकडाले देखाउँछ। बढ्दो परिमाणमा भइरहेको तरकारी उत्पादनले नेपालको माग पूर्ति गर्न नसकिरहेको देखिन्छ। नेपाल राष्ट्र बैंकको तथ्याङ्कले सन् २०२३/०२४मा नेपालले भारतबाट ११ अर्ब २६ करोड रुपैयाँ बराबरको तरकारी भित्र्याएको देखाउँछ। सन् २०२४/०२५मा भारतबाट तरकारी आयात गर्न नेपालले १३ अर्ब ८८ करोड रुपैयाँ खर्च गरेको थियो, जुन अघिल्लो सालको भन्दा झण्डै नौ प्रतिशत बढी थियो।

सन् २०२५/०२६को पहिलो छ महिनामा भारतबाट तरकारी भित्र्याउन नेपालले १० अर्ब ६९ करोड रुपैयाँभन्दा बढी खर्च गरिसकेको छ जुन अघिल्लो वर्षको यही समयभन्दा झन्डै २७ प्रतिशत बढी हो। तर, उक्त उत्पादन नेपालको माग धान्न पर्याप्त नरहेको र कतिपय बजारमा नेपालमा उत्पादित भनेर भारतबाट ल्याइएका तरकारी बेच्ने गरिएका नाम उल्लेख नगर्ने सर्तमा व्यवसायीहरू बताउँछन्। नेपाल राष्ट्र बैंकको तथ्याङ्कले सन् २०२३/०२४मा नेपालले भारतबाट ११ अर्ब २६ करोड रुपैयाँजतिको तरकारी भित्र्याएको देखाउँछ।

**व्यवसायी के भन्छन् ?**

नेपाल फलफूल तथा तरकारी व्यवसायी सङ्घका निवर्तमान अध्यक्ष खोमप्रसाद घिमिरे अहिले तराईमा उत्पादित तरकारी राजधानीलगायत कतिपय पहाडी जिल्लामा पनि पुगिरहेको बताउँछन्।

उनका अनुसार ठूलो परिमाणमा पहाडबाट केही महिनापछि बेमौसमी तरकारी तराईको बजारमा जाने छ। हामीसँग बजारसम्म पुऱ्याउने माध्यम अहिले नै छ। अफ-सीजनमा तराईलाई चाहिने टमाटर काठमाडौं र अन्य पहाडी जिल्लाहरूबाट नै जाने हो। पूर्वकै कुरा गर्दा धरान र बिर्तामोडका बजारमा इलाम, ताप्लेजुङ पाँचथर लगायतका जिल्लाहरूबाट पनि तरकारी आउँछ। अहिलेको सीजनमा तराईको उत्पादन माथिसम्मै पुग्छ।

कोभिड महामारीपछि तरकारीमा नेपालको परनिर्भरता अझ बढेको र अहिले कतिपय ठाउँमा बसाइँसराइ लगायतका कारणले पनि तरकारीको उत्पादन घटेको उनको बुझाइ छ। भारतसँगको निर्भरता बढेको स्वीकार गर्दै घिमिरे भन्छन्- भारतबाट तरकारी आउने क्रम झन् बढेको बढ्यै छ। झन्डै ९५ प्रतिशत हामीले खपत गर्ने प्याज भारतबाट नै आउँछ। आलुका लागि समेत त्यहाँ नै निर्भर हुनुपर्ने अवस्था छ। हाम्रो उत्पादनले लामो समय पुग्दैन।

उनले काँक्रो, खुर्सानीआदिमा पनि ठूलो परिमाणमा नेपालको पैसा गइरहेको उल्लेख गरे। कागतीमा नपत्याउँदो पैसा गइरहेको छ। अबको नीति भनेको तराईको उत्पादन पहाडमा पठाउने र पहाडको उत्पादन तराईमा पनि ल्याउने हुनुपर्छ। पकेट क्षेत्रहरू तोकेर व्यावसासिक उत्पादनमा नै ध्यान दिनुपर्छ।

**सरकारी अधिकारीहरू के भन्छन् ?**

राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रका प्रमुख पदमप्रसाद अधिकारी पहिलेको तुलनामा तरकारी उत्पादन बढेको र बेमौसमी तरकारी पनि देशभित्रै पाइन सक्ने अवस्था बन्न थालेको बताउँछन्। श्रावणबाट तीन महिना पहाडबाट तरकारीहरू तराईमा अरू समयभन्दा बढी झर्ने उनले सुनाए।

उनले नेपाल र भारतबीच खुला सीमाना भएको र त्यहाँ उत्पादन लागत कम भएकाले पनि नेपाली तरकारी कृषकहरू मारमा पर्ने गरेको बताए। बन्दा, गाजर बिक्री नभएर किसानहरूले जोत्नुपरेको अवस्था पनि छ। तर, भारतमा लागत कम छ। त्यो हुँदा हाम्रो किसानहरू मर्कामा परेका छन्। आलु र प्याजबाहेक अरू सबैमा करिब-करिब आत्मनिर्भर हुन सक्ने अवस्था चाहिँ हाम्रो हो।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका वरिष्ठ अर्थ तथा कृषिविज्ञ महानन्द जोशीले व्यावसायिक रूपमा तरकारीहरू नेपालबाट बाहिर निर्यात हुने गरेको नदेखिएको बताउँछन्। हामीमध्ये धेरै दाल, भात र तिहुन खाएर हुर्किएका हौँ। तर, अहिले १२ महिना सबै ठाउँमा हरियो तरकारीदेखि लिएर अन्य तरकारीहरू फैलिएका छन् र हामीले उपभोग गर्न पाएका छौँ। त्यो राम्रो हो। त्यसमध्ये धेरै हाम्रो आफ्नै उत्पादन हो। पहिला भारतमा सङ्कट भएका बेला केही समय टमाटर निर्यात भएको देखियो। तर, त्योबाहेक व्यावसायिक ढङ्गले खासै त्यस्तो देखिँदैन।

भारतबाट गरिने आयातबाहेक देशभित्रै प्रयोग गरिएका हाइब्रिड बीऊले पनि देशभित्र तरकारी उत्पादन बढाएको उनले सुनाए। राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रका प्रमुख अधिकारी भारतबाट धेरै तरकारी नेपाल आउँदा किसानहरूको प्रतिस्पर्धात्मक क्षमता कमजोर हुने भएकाले नियमनको दायरा बढाइनुपर्ने ठान्छन्। भारतमा अनुदानका कारण पनि तरकारीहरू सस्तो हुने रहेछ। हाम्रो द्रुत विषादि प्रयोग परीक्षण प्रयोगशालाहरूको दायराहरू विस्तार गर्न सक्यौँ र अहिलेको दायराभन्दा थप केही विषादिहरूको परीक्षण गर्न सक्यौँ भने केही नियमन गर्न सक्छौँ। बीबीसी

## यस्तो छ ...

सम्मान गर्दै, आन्दोलनरत पक्ष (५१ विगाह क्षेत्रका नागरिकहरु)ले आजैदेखि आन्दोलनका सबै कार्यक्रमहरु फिर्ता लिने, बस पार्क क्षेत्रमा निर्वाचन गतिविधि सञ्चालनका लागि नेपालको प्रचलित कानून बमोजिम शान्तिपूर्ण तथा मर्यादित राजनीतिक गतिविधि सञ्चालन गर्न सहज बनाउने।

५) बसपार्क तथा ५१ बिगाह क्षेत्रभित्र राखिएका 'प्रवेश निषेध' सम्बन्धी सम्पूर्ण होर्डिङ्ग बोर्ड, ब्यानर तथा प्रतिबन्धात्मक सामग्री तथा सूचनाहरू आन्दोलनरत् पक्षबाट बसपार्क समन्वय समितिद्वारा आजै हटाइनेछ।

६) आगामी फागुन २१ गते हुने निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहीत सम्पन्न गर्न सबै सरोकारवालाहरु प्रतिबद्ध रहेका छौं।

## शरीर ...

शिवबहादुरले सञ्चालन गरेको रोडलाईन प्यालेस होटलमा पीडितलाई बन्धक बनाई कुटपिट गरी घाइते बनाएको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। साथै प्रहरीले पीडितको सकुशल उद्दार गरेको छ। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## ५१ विगाहा ...

विभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि र आन्दोलनका अगुवाहरूले हस्ताक्षर गरेका छन्।

**सर्वपक्षीय सहमतिमा हस्ताक्षर गर्नेहरु**

उक्त सहमतिमा राजनीतिक दल, स्थानीय दलका प्रतिनिधि तथा आन्दोलनरत् पक्षले हस्ताक्षर गरेका छन्। हस्ताक्षर गर्नेहरुमा प्रजिअ गेलाल, नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेबे, नेकपा एमाले झापा अध्यक्ष प्रेम गिरी, नेपाली कम्युनिष्ट पार्टी झापाका नेता भाष्कर काफ्ले, राष्ट्रिय स्वतन्त्र पार्टी अनुसन्धान आयोगका जिल्ला प्रमुख अर्जुन उप्रेती, राप्रपा झापाका अध्यक्ष केशवप्रसाद ओझा, जसपा झापा अध्यक्ष समर राई, जनमत पार्टीका झापा अध्यक्ष भोटलाल राजवंशी, लोसपा झापा अध्यक्ष अनुतसिंह राजवंशी, नेपाल कम्युनिष्ट पार्टी (विप्लव)का झापा इन्चार्ज सुमन सिंह, श्रम संस्कृति पार्टी झापा उपाध्यक्ष सम्पूण्नी लिम्बू, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च झापाका अध्यक्ष राजा आङ्थुपो, उज्यालो पार्टी नेपाल झापा संयोजक श्याम पाठक रहेका छन्।

त्यस्तै बिर्तामोड नगरपालिकाकी प्रमुख पवित्रा महतारा, अर्जुनधारा नगरपालिकाकी प्रमुख बलदेव सिंह गोम्देन, उपप्रमुख खड्गमाया पराजुली, बिर्तामोड-५का वडाध्यक्ष रोहित प्रसाईं, अर्जुनधारा-११का वडाध्यक्ष खगेन्द्र इङ्नाम, वडासदस्य केशव अधिकारी, नापी कार्यालय झापाका प्रतिनिधि लक्ष्मणकुमार यादव र प्रमोद दाहालले समेत हस्ताक्षर गरेका छन्। आन्दोलनरत् बसपार्क समन्वय समितिकोतर्फबाट संयोजक सुजन शिवाकोटी तथा सुदीप दंगाल, संजोगी चेम्जोङ, हरि भण्डारी, भवानी कार्की, रोशन सुवेदी, पदमबहादुर तामाङ, रामकुमारी निरौला लगायतले हस्ताक्षर गरेका छन्।

सर्वपक्षीय बैठकमा जिल्ला प्रहरी कार्यालय झापा प्रमुख बसुन्धरा खड्का, सशस्त्र प्रहरी बल नम्बर २ गण हेडक्वाटर झापाका प्रमुख अम्बिकाप्रसाद जोशी, राष्ट्रिय अनुसन्धान कार्यालय झापाका प्रमुख उमेश पाण्डे लगायतको सहभागिता थियो।

## प्रचारप्रसार ...

उम्मेदवार, आम नागरिक तथा सरोकारवाला सबैको भएको आयोगको ठहर छ।

निर्वाचन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम निर्वाचनको प्रचारप्रसार गर्नबाट बञ्चित गर्ने उद्देश्यले वाधा अवरोध गरे वा गर्न लगाएको अवस्थामा त्यस्तो गर्ने वा गराउने जस्ता कार्य नगर्नका लागि सम्बन्धित सरोकारवाला सबैलाई आयोगले अनुरोध गरेको छ।

## फेक ...

वडा नं २ का तिवारी मङ्गलबार पक्राउ परेका हुन्। हालसम्म उक्त कसूरमा संलग्न ट्रेकिङ कम्पनी, रेस्क्यू कम्पनी, अस्पताल, विदेशी बिमाका नेपालस्थित कर्मचारी तथा हेलिकोप्टर कम्पनीका शेयरधनी सञ्चालकसहित नौ जनालाई पक्राउ गरिएको ब्युरोका प्रवक्ता शिवकुमार श्रेष्ठले जानकारी दिए।

अभियुक्तहरुले उच्च हिमाली क्षेत्रमा पदयात्राका क्रममा स्वास्थ्य समस्यामा परेका विदेशी पर्यटकको उद्धार गरेको देखाइ बिमा रकम दाबी गरी गैरकानूनी रुपमा आर्थिक लाभ लिएको अनुसन्धानबाट खुलेको ब्युरोले जनाएको छ।

## अवैध ...

मुलुकतर्फ लैजान लागेको अवस्थामा विभिन्न देशका मुद्राहरू फेला पारिएको विमानस्थल सुरक्षा कार्यालयले जनाएको छ। विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान होल्ड ब्यागेज चेकिङ एरियामा प्रहरीले नियमित जाँच गर्ने क्रममा उनको गतिविधि शंकास्पद देखिएको थियो।


खानतलासी गर्दा उनको साथबाट १० हजार ५ सय अमेरिकी डलर, २६ हजार ७ सय युरो, ७ हजार ४ सय चाइनिज युआन र ४३ हजार स्विडिस क्रोनर बरामद भएको छ। नेपालको कानून अनुसार अनुमतिविना तोकिएको सीमाभन्दा बढी विदेशी मुद्रा लुकाइछिपाइ लैजानु गैरकानूनी मानिन्छ। पक्राउ परेकी खाण्ड्रोलाई बरामद मुद्रासहित थप अनुसन्धान र कानूनी कारबाहीका लागि ललितपुरको हरिहरभवनस्थित राजश्व अनुसन्धान विभाग पठाइएको छ।

कर्मचारी आवश्यकता
बिष्णु लक्ष्मी हार्डवेयर
कमल-३, केर्खा (पश्चिम बस स्ट्यान्ड), नेपाल
लेखापाल (Accountant)
माग 1 जना
पूर्णकालीन (Full Time Job)
योग्यता / अनुभव
शैक्षिक योग्यता: कम्तिमा +२ (व्यवस्थापन) वा B.B.S. उत्तीर्ण गरेको।
अनुभव: लेखा कार्यमा कम्तिमा १ वर्षको अनुभव भएकालाई प्राथमिकता।
प्राविधिक ज्ञान: कम्प्युटर सफ्टवेयर Tally र Excel को राम्रो ज्ञान।
व्यक्तिगत गुण: इमान्दार, मेहेनती र आफ्नो कामप्रति जिम्मेवार।
आवश्यक कागजातहरू
व्यक्तिगत विवरण (CV / Bio-data)
शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु
नेपाली नागरिकताको प्रतिलिपि
तलब: आपसी सहमतिमा (Negotiable)
सुविधा: कम्पनीको नियम अनुसार
विस्तृत जानकारीको लागि सम्पर्क गर्नुहोस्
9816059947
9867573960
दरखास्त बुझाउने समय: कार्यालय समयभित्र

निबृत्तभरण अधिकार-पत्र हराएको सूचना
मेरो निम्न विवरण अनुसारको निबृत्तभरण अधिकार-पत्र फिदिम बजार आसपास कतै हराएको हुँदा, देख्नु हुने वा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।
नाम : हरिप्रसाद मिश्र
निबृत्तभरण अधिकार पत्र नम्बर : २०११६४१
शिक्षक संकेत नम्बर : २६००४
ठेगाना : साविक एक्तिन-४, पाँचथर
हाल : फालेलुङ गाउँपालिका-२, पाँचथर
मोबाइल नं : ९८१६०८४९९९

राहदानी हरायो
चन्द्रगढीबाट बिर्तामोड आउने क्रममा यही मिति २०८२।१०।०५ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।
नाम:- दिपक सुब्बा लिम्बू
ठेगाना:- महमाई-३, इलाम
राहदानी नं. :- PA0713331

बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा
वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा
प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा
हाम्रा सेवाहरु
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

Advance Pathology Lab
विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।
तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।
- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा
Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

# पूर्वाञ्चल

## सम्पादकीय

### मतदान भयरहीत बनाऊ


**मतदानको दिन आउन अब एक हप्ता मात्र बाँकी छ । निर्वाचन आयोगले त्यसका लागि आवश्यक सम्पूर्ण तयारी निरन्तर गरिरहेको छ । मतदाता पनि मतदानको दिनको प्रतिक्षामा छन् । यद्यपि विगतको जस्तो यसपटकको निर्वाचनमा मतदाताको उत्साह र उत्सुकता देखिएको छैन । तर, पनि देशलाई स्थितिमा ल्याउन, शासन व्यवस्थामा रहेको विकृति, विसंगति र अव्यवस्थालाई पुनर्जीवित गर्न जरुरी छ । देशले इतिहासकै ठूलो मानवीय तथा भौतिक क्षति व्यहोरेको जेन–जी बिद्रोहको तापमा हुन लागेको निर्वाचनले कस्तो परिणाम देला त्यो त परिणामले निर्धारण गर्छ नै तर त्यसअघि आयोगले निर्वाचन स्वच्छ र स्वतन्त्र बनाउने तर्फ एकलव्य दृष्टि भने राख्नै पर्छ ।**

**पुराना दलहरुले विगतमा गरेका गल्तीको परिणामले असमय निर्वाचनको भारी बोक्नु परेको छ । यस्तो अवस्थामा हुन लागेको निर्वाचन भयरहीत वातावरणमा सम्पन्न गर्ने प्रमुख दायित्व तिनै राजनीतिक दलहरुकै हुन्छ । दल तथा उम्मेदवारहरुले निर्वाचन शान्त र भयरहीत सम्पन्न गर्न सहिष्णुता, संयन हुनैपर्छ । त्यसो भएन भने आयोग एक्लै, सरकारले मात्रै वा सुरक्षा निकायसँगको समन्वयले मात्रै पनि भयरहीत र शान्त वातावरण निर्माण गर्न सक्दैन । त्यसैले राजनीतिक दल, नेता, उम्मेदवार, कार्यकर्ता र समर्थक सचेत हुनुपर्छ । त्यस्तो शान्त र भयरहीत वातावरण निर्माण हुन वा गर्न सकिएन भने प्रजातन्त्रलाई जीवन्त राख्न सकिँदैन ।**

**निर्वाचनको दिन नजिकिँदै जाँदा दलहरुका बीच निषेध वा कटाक्ष बढ्दै गयो भने त्यसले वाद–प्रतिवादको अवस्था सृजना गर्छ । त्यस्तो अवस्थाले निष्पक्ष र स्वतन्त्र मतदानको सुनिश्चितता नहुन पनि सक्छ । त्यसैले दल र उम्मेदवारले आफ्ना लक्ष्य, कार्यक्रम र एजेन्डा मार्फत जनताको मन जित्नु पर्छ । जनताको मनलाई आफ्नो पक्षको मतमा परिणत गर्नुपर्छ । मत पाउन जनताको मन जित्नुपर्छ । मन जित्न विगतमा आफूले गरेका वाचा र प्रतिबद्धता कति पूरा भए, आत्मसमीक्षा गर्नुपर्छ । त्यसकै आधारमा एजेन्डाको प्रचार गर्ने र जनविश्वास जित्ने प्रयत्न गर्ने हो ।**

**निर्वाचनको मुखमा दलहरुका बीच अस्वस्थ प्रतिष्पर्धा हुनसक्छ । यही समय कतिपय स्थानमा दलहरुका बीच विवाद र प्रतिवाद हुन थालेको समाचार सार्वजनिक भएका छन् । खुल्ला मञ्चबाटै विपक्षी दल र नेताहरु प्रति कटाक्ष गर्ने अमर्यादित टिप्पणी गर्ने जस्ता विषयले अवस्थालाई जटिल बनाउन सक्छ । यस्तो अवस्थामा स्वतन्त्र, निष्पक्ष निर्वाचन हुन सक्दैन । त्यसो नहोस् भन्नकै लागि आयोगले दलहरुकै सहभागिता र सहमतिमा आचारसंहिता बनाएको छ । जसको इमान्दार पालनाले मतदान भयरहीत, स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न हुन्छ । शक्ति प्रदर्शनले अहम्को तृष्टि मात्रै हुन्छ मतदाताको मत जितिँदैन । मुलुकले अवरुद्ध जीवनबाट मुक्ति पाउँदैन र जनभावनाको पनि सम्मान हुँदैन ।**

# निर्वाचन प्रणाली सुधारका लागि



**भोजराज पोखरेल**



लोकतन्त्रमा निर्वाचन प्रणाली केवल प्रतिनिधि छनोट गर्ने प्राविधिक प्रक्रिया मात्र होइन, राज्यको वैधता, समावेशिता र जनविश्वासको आधारस्तम्भ हो ।

निर्वाचन प्रणालीलाई समयानुकूल सुधार नगर्ने हो भने लोकतन्त्रको संस्थागत मजबुती कमजोर हुन सक्छ । नेपालको निर्वाचन प्रणालीलाई अझ समावेशी, पारदर्शी र विश्वसनीय बनाउन सकिएमा मात्रै लोकतन्त्रलाई संरचनात्मक रुपमा मात्र नभई व्यावहारिक रूपमा पनि जनमुखी बनाउन सकिन्छ । नेपालको निर्वाचन प्रणालीलाई समावेशी, पारदर्शी र उत्तरदायी बनाउने दिशामा बहस गर्नुपर्ने बेला आएको छ ।

नेपालले लामो समयसम्म बहुमतीय निर्वाचन प्रणालीलाई अवलम्बन गर्दै आएको थियो । २०६२/०६३ सालको जनआन्दोलनपछि द्वन्द्व व्यवस्थापन गर्ने क्रममा अन्तरिम संविधान बनाउँदा मिश्रित निर्वाचन प्रणालीलाई अपनाइएको हो । यो बहुमत र समानुपातिक प्रणालीको सम्झौताबाट आएको प्रणाली हो । द्वन्द्वको विभिन्न कारक तत्वहरु मध्ये नीति निर्माण तहमा सबैको आवाज नपुगेको अवस्थाले पनि हो । नीति निर्माण तहमा कुनै खास वर्ग, समूह वा लिङ्गको बोलबाला रहेको तर महिला, आदिवासी, जनजाति, दलित, मधेसीको प्रतिनिधित्व हुन सकेन भन्ने गुनासोकै आधारमा अन्तरिम संविधानमा मिश्रित प्रणालीको व्यवस्था गरिएको थियो । विविध जातीय, भाषिक, भौगोलिक र लैङ्गिक संरचना भएको मुलुकमा प्रत्यक्ष निर्वाचन प्रणालीले सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न नसकेको परिवेशमा समानुपातिकतर्फ जनसंख्याको आधारमा समानुपतिक प्रतिनिधित्व गराउन कोटाको व्यवस्था भयो ।

मिश्रित निर्वाचन प्रणालीबाट हामीले संसदलाई समावेशी बनाउने प्रयास गऱ्यौं । संविधानसभामा भएको प्रतिनिधित्वले समावेशी चरित्रको नेपालको संविधान निर्माण गऱ्यो । समानुपातिक प्रणाली मार्फत महिलादेखि दलित, आदिवासी जनजाति, मधेसी र पिछडिएका वर्गको संसद्मा उपस्थिति बढेको छ । यो सकारात्मक पाटो हो, तर व्यवहारमा संसद्मा दुई खाले प्रत्यक्ष र समानुपातिक सांसद रहन पुग्यो । समानुपातिकबाट आएका कतिपय सांसदहरूको क्षमता माथि प्रश्न उठ्यो । समानुपातिक सूची तयार गर्दा दलहरूभित्र पारदर्शिता र आन्तरिक लोकतन्त्रको अभावले समावेशितालाई केवल औपचारिकतामा सीमित बनाउने खतरा देखियो । संसद्मा कुनै दलले बहुमत ल्याउने अवस्था रहेन । यसले गर्दा प्रणालीमाथि नै बहस हुन थाल्यो । मिश्रित निर्वाचन प्रणालीले बहुमत दिँदैन भन्ने सबैलाई थाहा छ ।

यो प्रणालीले त्यतिबेला काम गर्छ, जब राजनीतिक दलहरूमा सहमतीय संस्कारको विकास हुन्छ । हाम्रा दलहरू अझै संस्थागत हुन सकेका छैनन् । चुनावको सिद्धान्त भनेकै बहुमत ल्याउनेले पाँच वर्ष शासन गर्ने र बहुमत नल्याउनेले प्रतिपक्षमा रहेर सरकारलाई खबरदारी गर्ने नै हो । तर हाम्रा दलहरूमा त्यो धैर्यता नहुँदा राजनीतिक प्रणाली र दलहरू बीचको चरित्रमा ठूलो अन्तर देखा परेको छ । यसैको परिणामस्वरुप सत्ता र शक्ति केन्द्रित निरन्तर हुने गठबन्धनले आम नागरिकमा व्यवस्थाप्रतिनै अविश्वास बढायो ।

संसारमा कुनै निर्वाचन प्रणाली राम्रो वा नराम्रो भन्ने कुरालाई भन्दा त्यसलाई चलाउने व्यक्तिको क्षमतामा मूल्याङ्कन गर्ने गरिन्छ । राम्रो शासन व्यवस्था भएका, भ्रष्टाचार कम भएका, सुशासन भएका र जनता खुशी भएका देशहरूको सूचीलाई हेर्दा त्यस्ता बहुमत देशहरूले पूर्ण समानुपातिक निर्वाचन प्रणाली अपनाएको देखिन्छ । बहुमतीय प्रणालीमा कुनै दलको बहुमत नआए पनि राजनीतिक दलहरू बीच मिलेर संयुक्त सरकार चलाएको छिमेकी मुलुक भारतबाटै सिक्न सकिन्छ । समावेशिताको सवालमा नेपालको निर्वाचन प्रणालीले ऐतिहासिक उपलब्धि हासिल गरेको भए पनि यसको गुणात्मक पक्ष अझै कमजोर रहेको आमगुनासो छ । संसद्मा संख्या बढ्नु मात्र पर्याप्त होइन, नीति-निर्माणमा प्रभावकारी सहभागिता सुनिश्चित हुनुपर्छ । हामीले जे-जे निर्वाचन प्रणाली अभ्यासमा ल्यायौं, विगतमा जति पटक बहुमतका सरकार बने तर ती दलहरूभित्र आन्तरिक व्यवस्थापन नहुँदा अल्पायुमै सरकारहरू ढल्न पुगे ।

यद्यपि हाम्रो निर्वाचन प्रणालीमा केही सुधार गर्न आवश्यक छ । समानुपातिकलाई दलहरूले नराम्ररी गिजोल्ने काम गरे । केही वर्षयता निर्वाचन निकै खर्चिलो बनेको छ । अपवित्र पैसा चलाउने व्यक्ति अगाडि आएको छ । इमान्दार व्यक्तिले निर्वाचन नलड्ने अवस्था आएको छ भने असमानबीच प्रतिस्पर्धा हुने गरेको छ । शासनको अभ्यास गर्दा गलत परिपाटीको विकास गरिएको छ । दल र सरकारबीच फरक देखिएन । राज्य संयन्त्रलाई दलका स्थानीयदेखि केन्द्रसम्मका समानान्तर संस्थाहरूले दलको बन्धक बनाउने अवस्था रहेको छ । निर्वाचित निकायले स्वतन्त्रतापूर्वक काम गर्न नपाएको अवस्था देखिन्छ । यसले

गर्दा नेता-व…
छ । राजनी…
आन्तरिक …
लोकतन्त्र …
जान्छ । पनि…
आउँछन्, अ…
यसले गर्दा…
पनि यस वि…

**अब के …**

निर्वाचन…
बनाउन हा…
सक्दछन् ।…
प्रणालीमा …
उम्मेदवारीमै…
आधारमा ग…
भनेको पूर्ण…
अशान्ति न…
कानुनबाट …
प्रतिस्पर्धाल…
आर्थिक रू…
यसले दीर्घ…

तेस्रो वि…
जाँदा प्रत्य…
अहिले सम…
तर त्यो क…
वर्गलाई न्…
आउन सत्तै…
मौका दिनु…
सक्षमहरु प्र…
एउटा निर्वा…
आफूलाई …
छनोट गर्न …

यसो ग…
कसैको धेरै…
बनाउन सा…
जनसंख्या, …
प्रादेशिक र…
२० प्रतिश…

# सडक मृत्युको पासो कि विकासको आधार ?



**डा. विश्वराज दवाडी**




नेपालमा सडक दुर्घटना कुनै नौलो कुरा रहेन । हरेक दिन पत्रपत्रिका र समाचारका 'हेडलाइन'हरू सडक दुर्घटना र ज्यान गुमाउनेहरूको तथ्याङ्कले भरिएका हुन्छन् । अस्ति मात्रै पोखराबाट काठमाडौंतर्फ आइरहेको यात्रु बाहक बस दुर्घटना हुँदा १९ जनाले अकालमै ज्यान गुमाउनुपऱ्यो भने २५ जना यात्रु घाइते अवस्थामा छन् । यसअघि पनि केही हप्ताको अन्तरमै धेरैको ज्यान जानेगरी सवारी दुर्घटनाहरु भएका छन् ।

प्रहरीको तथ्याङ्क अनुसार पछिल्लो आठ वर्षमा नेपालमा सडक दुर्घटनामा ज्यान गुमाउनेको संख्या १९ हजार तीन सय ५८ पुगेको छ भने ९६ हजार घाइते भएका छन् । प्रहरी मुख्यालयमा प्राप्त विवरण अनुसार २०७० को दशकको आठ आर्थिक वर्षमा मात्रै एक लाख ८६ हजार दुई सय ७७ सडक दुर्घटना भएका छन् । दुर्घटनामा ज्यान गुमाउने नागरिकको संख्या १९ हजार तीन सय ५८ पुगेको छ । यस्ता दुर्घटनामा परी एक लाख ३५ हजार एक सय ७५ जना मानिस घाइते भएका छन् । दुर्घटनाका विवरण केलाउँदा सबैभन्दा जोखिममा मोटरसाइकल र जिप तथा कार भ्यान देखिएका छन् ।

नेपाल प्रहरीको तथ्याङ्क अनुसार वार्षिक हजारौं मानिसले सडकमा अकालमै ज्यान गुमाउँछन् । भौगोलिक विकटता, कमजोर पूर्वाधार र मानवीय लापरबाहीको त्रिकोणात्मक मिलनले नेपालका सडकहरू अहिले 'मृत्युको पासो' जस्तै बनेका छन् । दुर्घटनाको प्रकृति अनुसार विवरण हेर्दा तीन कारणले दुर्घटना बढी हुने गरेका छन् । पहिलो चालकको लापरबाही, दोस्रो सडक पूर्वाधार र तस्रो यान्त्रिक कारण हो । सडक दुर्घटना बढ्नुको मुख्य कारण चालकको लापरबाही, सडक पूर्वाधारमा खेलाँची र र दुर्घटना न्यूनीकरणका लागि पहल नगर्नुलाई लिन सकिन्छ ।

त्यस्तै सवारी चालक चेकजाँच नगरिएको, चालक निदाएको, जथाभावी ढोका खोलेको, ट्राफिक नियम उल्लङ्घन गरेको, मादक पदार्थ सेवन गरेको, 'ओभरटेक' गरेको र सवारी चलाउँदा मोबाइल फोन प्रयोग गरेका कारण पनि दुर्घटना भएका छन् । दुर्घटनाले मानिसको अकालमै मृत्यु हुने मात्र होइन, अपाङ्ग हुनुपर्दा परिवारलाई विचलित अवस्थामा पुऱ्याएको छ ।

हाम्रो भौगोलिक अवस्था र सडकको बनावटले गर्दा पनि दुर्घटनाको दर बढ्दै गएको छ । नेपालको धरातलीय स्वरूप आफैँमा चुनौतीपूर्ण छ । पहाडी भेगमा घुम्ती सडकहरू, भिरालो जमिन र साँघुरा बाटाहरू छन् । इञ्जिनियरिङको दृष्टिले कतिपय सडकहरू मापदण्ड विपरीत खनिएका छन् । वर्षायाममा पहिरो र हिउँदमा बाक्लो हुस्सुका कारण सडकको दृश्यता कम हुँदा दुर्घटनाको जोखिम उच्च हुन्छ ।

विशेषगरी राजमार्गहरूमा रहेका 'ब्ल्याक स्पट' (दुर्घटना बढी हुने ठाउँ)हरूको पहिचान र सुधार हुन सकेको छैन । दिनहुँजसो यति धेरै दुर्घटनाका घटनाहरु हुने गरे पनि राज्य र जनस्तरबाट त्यति गम्भीरता देखाएको पाइँदैन । पहिलो त राजमार्गमा को-को गुड्न पाउने भन्ने बारेमा नै अन्योलता छ । नेपालका राजमार्गहरूको मुख्य समस्या भनेकै 'लेन व्यवस्थापन' को अभाव हो । विकसित देशहरूमा राजमार्गमा साइकल वा कम गतिका सवारीलाई निषेध गरिन्छ, तर नेपालमा एउटै लेनमा भारी सवारीसाधन (बस, ट्रक), निजी सवारी (कार, जिप), दुईपाङ्ग्रे (मोटरसाइकल, स्कुटर) साइकल र पैदलयात्री र कतिपय ठाउँमा चौपाया सडकमै हिँड्ने गर्दछन् । यसले गर्दा दुर्घटनालाई बढाएको छ । यो मिश्रित यातायात प्रणाली नै दुर्घटनाको प्रमुख कारक हो । राजमार्गमा गुड्ने चालकसँग अनिवार्य रूपमा सम्बन्धित श्रेणीको अनुमति पत्र हुनुपर्छ । भारी सवारीका लागि कम्तीमा २१ वर्ष उमेर पुगेको र विशेष तालिम प्राप्त व्यक्ति मात्र योग्य मानिन्छन् । तर हाम्रो व्यवहारमा जसले जुनसुकै सावरी पनि चलाएको पाइन्छ ।

अधिकांश ठूला दुर्घटनाहरुलाई हेर्दा विषम समय र मौसमको चुनौतीका कारण भएको देखिन्छ । धेरैजसो ठूला दुर्घटनाहरू 'अड आवर' अर्थात् मध्यरात वा झिसमिसे बिहानीमा हुने गरेका छन् । यसका पछाडि चालकको थकान, निद्रा र तीव्र गतिको मोह जिम्मेवार हुन्छ । त्यस्तै खराब मौसम जस्तैः भारी वर्षा, बाक्लो कुहिरो र हिउँ परेको बेला सवारी चलाउँदा सडकको पकड कम हुन्छ, जसले गर्दा सवारी नियन्त्रण बाहिर गई दुर्घटना हुन्छ । कुन सडकमा कस्तो सवारी गुड्ने ? सडकमा हिँड्दा चालक, यात्रु वा सडक प्रयोगकर्ता बटुवाले कस्तो अनुशासन पालना गर्ने र कस्तो मान्छेले सवारी चालक अनुमति पत्र पाउने भन्नेमा पनि नेपालमा खासै महत्त्व दिने गरेको पाइँदैन ।

दुर्घटना भइसकेपछि उद्धारका लागि हामीसँग निश्चित मापदण्ड हुनु आवश्यक छ । दुर्घटना भएपछिको पहिलो एक घण्टालाई 'गोल्डेन आवर' भनिन्छ । यदि यो समयमा घाइतेले प्राथमिक उपचार पाएमा ज्यान जोगिने सम्भावना धेरै हुन्छ । नेपालमा 'सडक दुर्घटना उद्धार निर्देशिका' त छ, तर यसको कार्यान्वयन फितलो छ । घटनालगत्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले उद्धार कार्यमा खटिएका हुन्छन् । कतिपय अवस्थामा स्थानीय समुदायले पनि सहयोग गरेका हुन्छन् । उद्धारका लागि आवश्यक उपकरण, सामग्रीहरुको अभावमा समयमै उदार कार्यमा कठिनाइ हुने गर्दछ । क्रेन र हेलिकप्टर उद्धारको व्यवस्था सीमित छ । समयमै उद्धार हुन नसक्दा कतिपय घाइतेलाई बचाउन सकिँदैन । राजमार्ग छेउछाउमा अस्पताल र ट्रमा सेन्टरहरूको अभाव छ, जसले गर्दा घाइतेलाई समयमै अस्पताल पुऱ्याउन सकिँदैन ।

**अबको बाटो**

देशभर सडक सञ्जालको विस्तारसँगै सवारीसाधनको संख्या पनि ह्वात्तै बढेर गएको छ । वर्षेनि लाखौँको संख्यामा सवारीसाधन भित्रिने गरेका छन्भने वर्षौं पुराना सवारीसाधनहरु पनि सडकमा गुडिरहेका देखिन्छन् । त्यसैले सडक सुरक्षामा सुधार गर्न अब पुरानो ढर्राले पुग्दैन । यसका लागि सरकारले निम्न कुरामा तुरुन्तै ध्यान दिनु आवश्यक छ :

**लेन अनुशासन :** राजमार्गहरूमा साइकल र मोटरसाइकलका लागि छुट्टै लेनको व्यवस्था गर्नुपर्छ । एउटै सडकमा सबैखाले सवारी गुडाउँदा दुर्घटनाको जोखिम उच्च हुने गर्दछ । अन्य देशमा लेन अनुशासनलाई निकै महत्वका साथ हेरिन्छ ।

**गति निगरानी :** राजमार्गका विभिन्न ठाउँमा 'सिसिटिभी' र 'राडार गन'को प्रयोग गरी तीव्रगतिमा चलाउने चालकलाई कडा कारवाही गर्नुपर्छ । अन्य देशमा जस्तो कडा जरिवानाको व्यवस्था भएमा अनुशासनको पालना हुँदा स्वतः दुर्घटना कम हुने गर्दछ ।

**सवारी परीक्षण :** पुराना र जीर्ण सवारीसाधनलाई राजमार्गमा गुड्न रोक लगाउनुपर्छ । २०औं वर्ष पुराना वा जीर्ण अवस्थामा रहेका सवारीसाधनलाई सडकमा प्रवेश नदिने व्यवस्थालाई कडाइका साथ लागू गरिएमा दुर्घटनामा कमी आउनेछ ।

**चालकको स्वास्थ्य :** सवारी चलाउने काम पनि उत्तिकै शारीरिक परिश्रमको काम भएकाले चालकको स्वास्थ्य राम्रो हुनु जरुरी हुन्छ । त्यसमा पनि लामो दूरीका चालकहरूको नियमित स्वास्थ्य र मानसिक अवस्थाको परीक्षण अनिवार्य गरिनुपर्छ ।

यी माथि उल्लिखित केही सुधारका प्रयासहरु गर्न सकिए मात्रै पनि सवारी दुर्घटनाको भयावह अवस्थालाई धेरै नै कम गर्न सकिन्छ । अब पनि सडक सुरक्षा सुधारका लागि जनचेतना र सडकको अवस्था सुधारमा तत्काल बृहत्तर पहल नगरे आगामी वर्षहरू थप विकराल हुनेछ । सडक सुरक्षा केबल सरकारको मात्र जिम्मेवारी होइन, यो हामी सबैको साझा दायित्व हो । नियमको पालना गर्ने संस्कृति, व्यवस्थित सडक पूर्वाधार र प्रभावकारी उद्धार संयन्त्रले मात्र नेपालको सडक यात्रालाई सुरक्षित बनाउन सक्छ । अन्यथा, विकासको नाममा खनिएका सडकहरूले नागरिकको रगत पिउने क्रम रोकिने छैन ।

(लेखक जेनरल प्राक्टिस एन्ड इमेर्जेन्सी मेडिसिन एसोसिएसन अफ नेपालका अध्यक्ष हुन् ।)






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन शान्त रहने छ, छोटो दूरीको यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नाले मन हर्षित हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
उत्तरार्द्धपछि काम बन्ने योग छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् धैर्य रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
समय मध्यम रहेको छ, दिनको शुरुमा काम बन्नेछ, बोलिमा विचार पुऱ्याउनुहोला, गुप्ताङ्गमा समस्या देखिन सक्छ सतर्क रहनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
आज तपाईको पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ, प्रेमको डोरो कसीलो भएर जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
तपाईको मन शान्त र खुशी रहने छ, गरेका कामको राम्रो फल प्राप्त हुनेछ, खर्च अलिक बढ्नाले मन चिन्तित रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
समय फलदायी छ, उपहार प्राप्तिको योग छ, आज छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
समय सामान्य रहेको छ, काम सफलता हुँदा मन आनन्दित हुनेछ, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा ध्यान दिनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
रचनात्मक काम शुरू गर्ने समय छ, पहिले गरिएको कामको हौशलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
आफन्तबाट शुभ समाचार आउनेछ, समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला, अवसरका लागि दौडधुप गर्नुपर्ने समय छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ । छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ ।

**मिति २०८२/११/१३ बुधबारको सुनचाँदी मूल्य**



छापावाला सुन प्रति तोला रु. ३,१४,८००।-



चाँदी प्रति तोला रु. ५,७१५।-

# ...गे बहसको थालनी

...गर्दा नेता-कार्यकर्तालाई जसरी पनि शक्तिमा जानुपर्ने महत्वाकांक्षा बढेको छ। राजनीतिमा परिपक्वता आउनु जरुरी छ। दलहरूमा सहिष्णुता, आन्तरिक लोकतन्त्रको अभ्यास, उत्तरदायी र जिम्मेवारी हुनुपर्छ। जब लोकतन्त्र परिपक्व हुँदै जान्छ, दलहरूको प्रस्तुतिमा पनि परिमार्जन हुँदै जान्छ। पश्चिमी देशहरूमा कुनै खास अवस्थामा मात्र दलहरू मैदानमा आउँछन्, अरू बेला निष्क्रिय रहन्छन्। शासन सत्तामा अतिक्रमण गर्दैनन्। यसले गर्दा दलहरू जनतामाझ बदनाम भएका हुँदैनन्। हाम्रो देशमा पनि यस किसिमको राजनीतिक सुधारको आवश्यकता रहेको छ।

**अब के गर्ने ?**

निर्वाचनबाट आउने संसदलाई समावेशी, जनउत्तरदायी र जिम्मेवारपूर्ण बनाउन हालको निर्वाचन प्रणालीमा केही सुधारका विकल्पहरु हुन सक्दछन्। हामी पहिलेको जस्तो बहुमतीय (पहिलो हुने निर्वाचित हुने) प्रणालीमा जान सक्छौं, तर यसमा प्रतिनिधित्व नहुनेहरूका लागि उम्मेदवारीमै मिलाउन सकिन्छ। उम्मेदवारीमा जनसंख्याको प्रतिशतको आधारमा गर्न सकिन्छ। यसका विभिन्न अभ्यासहरू छन्। अर्को विकल्प भनेको पूर्ण समानुपातिक हुन सक्छ। यसो गर्दा निर्वाचन खर्च कम हुने, अशान्ति नहुने हुन्छ। विगतका समानुपातिक प्रणालीका कमजोरीलाई कानुनबाट नियन्त्रण गर्न सकिन्छ। अत्यधिक खर्चले राजनीतिक प्रतिस्पर्धालाई असमान बनाउँछ, धनबलको प्रभाव बढाउँछ र योग्य तर आर्थिक रूपमा कमजोर उम्मेदवारहरूलाई प्रतिस्पर्धाबाट बाहिर धकेल्छ। यसले दीर्घकालमा राजनीतिक नेतृत्वको चरित्र नै परिवर्तन गर्न सक्छ।

तेस्रो विकल्प भनेको हालको जस्तो मिश्रित निर्वाचन प्रणालीमा जाँदा प्रत्यक्षतर्फको उम्मेदवारीमा भएको अन्यायको अन्त्य गर्नुपर्छ। अहिले समानुपातिकतर्फको सिटलाई सबै जनसंख्यालाई कोटामा बाँड्यौं, तर त्यो कोटामा आर्थिक, सामाजिक, शैक्षिक रूपमा पछाडि परेका वर्गलाई न्याय गर्न सकेनौं। अंशबण्डा गरेर होइन, जो प्रत्यक्ष्यबाट आउन सक्तैन, विविध कारणबाट कमजोर छ त्यो लिङ्ग, समूह र वर्गलाई मौका दिनुपर्ने हुन्छ र त्यसका लागि मात्र कोटा छुट्याउँदा हुन्छ। अरू सक्षमहरु प्रत्यक्ष निर्वाचनबाटै आउन सक्छन्। त्यस्तै समग्र देशलाई एउटा निर्वाचन क्षेत्र मानेर समानुपातिक सूची तयार गर्दा दलको नेतृत्वले आफूलाई अनुकूल हुने गरी क्षेत्रीय सन्तुलन नमिल्ने गरी उम्मेदवार छनोट गर्न थाले।

यसो गर्दा कुनै क्षेत्र, वर्ग वा समुदायबाट कसैको प्रतिनिधित्व नहुने, कसैको धेरै हुने अवस्था छ। अब त्यसको सट्टा प्रदेश स्तरीय सूची बनाउन सकिन्छ। यसो गर्दा हरेक प्रदेशको विशेषता, त्यहाँको भूगोल, जनसंख्या, संस्कृतिको प्रतिनिधित्व हुन सक्छ। यसमा ८० प्रतिशत प्रादेशिक र २० प्रतिशत राष्ट्रिय दृष्टिले सूची बनाउन सकिन्छ। त्यो २० प्रतिशतमा राज्यले सम्मान गर्नुपर्ने, संसद्मा नभई नहुने विशिष्ट व्यक्तिहरूलाई समेट्न सकिन्छ। समानुपातिकतर्फ हालको थ्रेसहोल्ड तीन प्रतिशतको प्रावधानले गर्दा सरकार बनाउन समस्या भएको भन्ने पनि गरिन्छ। यदि त्यसो हो भने यसमा थोरै थपघट गर्दा फरक पर्दैन। लक्षित वर्गलाई समेट्ने गरी कोटा छुट्याउँदा अहिलेको भन्दा आधाभन्दा बढी समानुपातिक सिट आवश्यक पर्दैन। त्यसरी बचत हुने सिटबाट प्रत्यक्षतर्फको सिट बढाउन पनि सकिन्छ। यसो गर्दा एउटै दलले बहुमत ल्याउन सक्ने सम्भावना हुनसक्छ।

**आसन्न निर्वाचनको महत्त्व**

अहिलेको निर्वाचन असामान्य परिस्थितिले ल्याएको असामान्य निर्वाचन हो। यो अवस्था आउनुमा धेरै तत्वहरु जिम्मेवार छन्। शासन प्रणालीमा उत्तरदायित्व, जवाफदेहिता, सेवा प्रवाह, भ्रष्टाचार, पुस्तान्तरणका प्रश्नहरूले जेनजी आन्दोलनको प्रस्फुटन गऱ्यो। यी प्रश्नहरूको सम्बोधन गर्नु अबको संसद्को सबैभन्दा ठूलो जिम्मेवारी हुनेछ। यी मुद्दाहरूलाई अपनत्व गरी निकास दिन हाम्रा कानून, नीति, प्रणालीमा सुधार गर्नुपर्छ, संरचनाहरूलाई बलियो बनाउनुपर्छ र सुशासनको राजमार्गमा देशलाई हिँडाउनुपर्छ।

आज नेपालको लोकतन्त्रको भविष्य निर्वाचन प्रणालीको विश्वसनीयतासँग प्रत्यक्ष रूपमा जोडिएको छ। जनताले आफ्नो मतको मूल्य सुरक्षित रहेको अनुभूति नगरेसम्म लोकतन्त्रको आधार कमजोर रहन्छ। निर्वाचन प्रणाली स्थिर संरचना होइन, यो समाजको परिवर्तनसँगै परिमार्जित हुँदै जानुपर्ने जीवित प्रणाली हो। समावेशिता, पारदर्शिता, खर्च नियन्त्रण, प्रविधिको विश्वसनीय प्रयोग र राजनीतिक संस्कृतिमा सुधार-यी सबै पक्षलाई सन्तुलित रूपमा अघि बढाउन सके मात्र नेपालको लोकतन्त्र सुदृढ बन्न सक्छ।

आगामी फागुन २१ गते हुन गइरहेको निर्वाचनलाई सफल पार्नु हामी सबैको दायित्व हो। निर्वाचन हुन नसक्दा आउने परिणति हामीले सोचेभन्दा डरलाग्दो हुनेछ। त्यस्तो अवस्था कसैका लागि पनि फलदायी हुन सक्दैन। निर्वाचन गराउने जिम्मेवारी निर्वाचन आयोगको भए पनि हामी सबैको उत्तिकै भूमिका छ। यस निर्वाचन प्रणालीको अभ्यासबाट कसैको बहुमत आउला-नआउला भन्न सकिन्न। धेरै सिट जितेर सरकारको नेतृत्व गर्ने दलले आफूलाई मात्र हेरेर अगाडि बढ्न खोजे देशमा हिजो भोगेको परिणति पुनः दोहोरिनेछ। कुनै दलको बहुमत आउन नसक्दा संयुक्त सरकार बनाउनुपर्ने हुन्छ। त्यति बेला फेरि अपवित्र किसिमको गठबन्धन गरेर जनतालाई निराश पार्नु हुँदैन। नयाँ संसद् बनेलगत्तै सबैको सहमतिबाट एउटा सङ्कल्प प्रस्ताव पारित गरी देशलाई मार्गनिर्देशन गर्न सकोस् र जनतालाई थप निराशाबाट रोक्न सकोस् भन्ने नै शुभकामना।

*लेखक पूर्व प्रमुख निर्वाचन आयुक्त हुन्।*

# भानु माविद्वारा उत्कृष्ट विद्यार्थीलाई सम्मान



**शिवगञ्ज, फागुन १३।** भानु माध्यमिक विद्यालय ले २०८१ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ए प्लस ग्रेड ल्याउन सफल १४ जना विद्यार्थीलाई सम्मान गरेको छ।

विद्यालयको ५८औं स्थापना दिवस तथा अभिभावक दिवसको अवसर पारेर आयोजित कार्यक्रमका बीच उत्कृष्ट नतिजा ल्याउने छात्र-छात्रालाई 'भानु मावि अवार्ड २०८१' प्रदान गरेको हो। कार्यक्रमका प्रमुख अतिथि तथा शिवसताक्षी नगरपालिकाका प्रमुख मेगाहाङ थोप्राले अवार्ड वितरण गर्दै सामुदायिक विद्यालयबाट उत्कृष्ट नतिजा ल्याउनु गौरवको विषय भएको बताए।

सम्मानित हुने विद्यार्थीहरूमा माला बस्नेत, नीतिका पौडेल, तपस्या पौडेल, अभय थापा, श्रीजल पौडेल, स्नेहा शाह, सौगात संग्रौला, श्रेया पौडेल, सेम तामाङ, चाँदनीकुमारी नायक, सुजल मिश्र, दिनबन्धु केसी, भुवन कडरिया र नुपमा प्रसाई रहेका छन्। त्यस्तै २०८० सालको एसईई परीक्षामा सर्वाधिक जीपीए ल्याई नगर टप हुन सफल विद्यार्थी मिराक हाङ चेम्जोङ र प्रमिला उप्रेतीलाई पनि विशेष रूपमा सम्मान गरिएको विद्यालयले जनाएको छ।

कार्यक्रममा कक्षा १ देखि १२ सम्म अध्ययनरत विभिन्न तहका उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको थियो। कक्षा १-५ तर्फ अनमोल चौहान र खुशी राईलाई स्वर्गीय भानुभक्त-टिकादेवी संग्रौला स्मृति छात्रवृत्ति, रितेश खनाल र अर्चना अधिकारीलाई टेकनाथ-भगीरथ मैनाली छात्रवृत्ति प्रदान गरियो। त्यसैगरी रोशन सिग्देल र आइशा इजमलाई भानुभक्त-टिकादेवी संग्रौला स्मृति छात्रवृत्ति तथा कुञ्जन अधिकारी र दिया अधिकारीलाई टेकनाथ-भगीरथ मैनाली छात्रवृत्ति प्रदान गरिएको छ।

कक्षा ९-१० तर्फ सुशान्त मैनाली र कञ्चन काफ्लेलाई स्वर्गीय भानुभक्त-टिकादेवी संग्रौला स्मृति छात्रवृत्ति तथा गणेश टुड र सम्झना चौधरीलाई टेकनाथ-भगीरथ मैनाली छात्रवृत्ति प्रदान गरिएको छ। प्राविधिक धारतर्फ कक्षा ९-१० का अभय थापा र श्रेया पौडेल तथा कक्षा ११-१२ का सुरज आचार्य र रेखा नेपाललाई जितेन्द्रराज चेम्जोङ/तुङ्गवाङफे छात्रवृत्ति प्रदान गरिएएको थियो। कक्षा ११-१२ का रुपेश ताजपुरिया, किन्जु समाल मगर, दुर्गा भण्डारी र मनु लिम्बूलाई मनकुमार इजम 'मुन्ना भाइ' स्मृति छात्रवृत्ति प्रदान गरिएको विद्यालयले जनाएको छ।

विद्यालयमा स्थापना गरिएका विभिन्न अक्षय कोषबाट प्राप्त ब्याज रकम मार्फत छात्रवृत्ति वितरण गरिएको प्रधानाध्यापक डामकुमार कुँवरले जानकारी दिए। उनका अनुसार जितेन्द्रराज चेम्जोङ-सरस्वती तुङ्गवाम्फे चेम्जोङ छात्रवृत्ति अक्षय कोषमा एक लाख ११ हजार एक सय ११ रुपैयाँ, स्वर्गीय भानुभक्त-टिकादेवी संग्रौला स्मृति छात्रवृत्ति कोषमा एक लाख ५५ हजार एक सय १० रुपैयाँ, टेकनाथ-भगीरथ मैनाली छात्रवृत्ति कोषमा एक लाख एक हजार एक सय ११ रुपैयाँ तथा स्वर्गीय मनकुमार इजम 'मुन्ना भाइ' स्मृति अक्षय कोषमा एक लाख एक हजार रुपैयाँ सञ्चित रहेको छ।

कार्यक्रमका अवसरमा विद्यालयकी शिक्षिका भीमा कुमारी खत्रीद्वारा लिखित 'अदृश्य पीडा' नामक नाटक मञ्चन गरिएको थियो। यसै अवसरमा विद्यालयमा नर्सिङ कक्षाको समेत उद्घाटन गरिएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष घनेन्द्र इजमको अध्यक्षतामा भएको कार्यक्रममा सहायक प्रधानाध्यापक टिकाप्रसाद घिमिरेले स्वागत गरेका थिए। विद्यालयका लेखा प्रमुख गणेश ढुंगेलले कार्यक्रम सञ्चालन गरेका थिए।

# पौवादुङमाबाट कर सम्बन्धी सेवा प्रवाह

**भोजपुर, फागुन १३।** भोजपुरको पौवादुङमा गाउँपालिकाबाट अब कर सम्बन्धी सेवा सञ्चालन हुने भएको छ।

जिल्ला करदाता सेवा कार्यालय हटेपछि नागरिकलाई सहज, छिटो र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यले गाउँपालिकाले आन्तरिक राजश्व कार्यालय धरानसँग समझदारी पत्रमा हस्ताक्षर गरेको हो।

सरकारको २०८२ कात्तिक १७ को निर्णय अनुसार साविक करदाता सेवा कार्यालय भोजपुरबाट प्रदान हुँदै आएका केही सेवा अब स्थानीय तहबाटै उपलब्ध गराइने सहमति भएको छ। यस व्यवस्थासँगै सामान्य कर सम्बन्धी कामका लागि सेवाग्राहीले टाढा धाउनुपर्ने बाध्यता अन्त्य हुने अपेक्षा गरिएको छ।

समझदारी अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने प्राकृतिक व्यक्तिलाई व्यक्तिगत स्थायी लेखा नम्बर जारी गर्नेछ भने स्थानीय तहमा दर्ता भएका व्यवसाय तथा निकायलाई व्यावसायिक स्थायी लेखा नम्बर उपलब्ध गराउने छ।

त्यस्तै, मूल्य अभिवृद्धि कर दर्ताका लागि आवश्यक कागजात संकलन गरी सम्बन्धित कार्यालयमा सिफारिस गर्ने, अन्तःशुल्क इजाजतपत्र सम्बन्धी प्रक्रिया सहजीकरण गर्ने, कर चुक्ता प्रमाणपत्रका लागि सिफारिस गर्ने लगायत सेवा पनि गाउँपालिकाबाटै प्रदान गरिने जनाइएको छ।

करदाता दर्ता विवरण संशोधन, कर सम्बन्धी शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालनमा गाउँपालिकाले सहकार्य गर्नेछ।

यसबाट स्थानीय करदातालाई आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क सम्बन्धी कानूनी प्रक्रिया बुझ्न थप सहज हुने विश्वास गरिएको छ। सम्झौता अनुसार चैत ५ गतेदेखि सेवा औपचारिक रूपमा सञ्चालनमा आउने छ। गाउँपालिका अध्यक्ष किरण राईका अनुसार स्थानीय नागरिकका लागि करसम्बन्धी प्रक्रिया सरल र पहुँचयोग्य बनाउने लक्ष्यसहित सेवा शुरु गर्न लागिएको हो।

त्यसैगरी प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले समझदारीपत्रमा उल्लेख गरिएका विषयअनुसार करसम्बन्धी काम गाउँपालिकाबाटै प्रभावकारी रूपमा सञ्चालन गरिने जानकारी दिए।

# भोजपुरका किसानलाई उन्नत जातका सुन्तलाका बेर्ना

**भोजपुर, फागुन १३।** किसानको आयआर्जन वृद्धि गर्ने उद्देश्यले भोजपुर नगरपालिका-५ बोखिमका किसानलाई उन्नत जातका सुन्तलाका बेर्ना वितरण गरेको छ।

वडा कार्यालयले एक सय ५० जना किसानलाई करिब एक हजार दुई सय ५० सुन्तलाका बेर्ना वितरण गरेको हो।बोखिम क्षेत्र सुन्तला उत्पाद नका लागि उपयुक्त मानिन्छ। किसानलाई प्रोत्साहन गर्न ५० प्रतिशत अनुदानमा बेर्ना उपलब्ध गराइएको वडाध्यक्ष फविन्द्र प्रधानले जानकारी दिए। ती बेर्ना



धनकुटास्थित पारीपात्ले सुन्तला जात अनुसन्धान केन्द्रबाट ल्याइएका हुन्।

'उन्सु जापानिज' र 'खोकु स्थानीय कलमी' जातका सुन्तलाका बेर्ना वितरण गरिएको वडाध्यक्ष प्रधानले बताए। यस वर्ष वडाले सुन्तला तथा अङ्गुरका बेर्ना वितरणका लागि दुई लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। मागका आधारमा हाल सुन्तलाका बेर्ना वितरण गरिएको र केही समयपछि अङ्गुरका बेर्ना पनि वितरण गरिने उनको भनाइ छ।

हाल यहाँका करिब तीन सय किसान सुन्तला खेतीमा आबद्ध छन्। स्थानीय किसान भीमबहादुर दाहालले उन्नत जातका बेर्ना वितरण कार्यक्रमले किसानलाई ठूलो राहत मिलेको बताए।

# मैवाखोलाद्वारा किबिका बिरुवा वितरण

**ताप्लेजुङ, फागुन १३।** मैवाखोला गाउँपालिकाले उन्नत जातका किबिका बिरुवा वितरण गरेको छ।

'एक घर एक फलफूल बगैंचा विकास' कार्यक्रम अन्तर्गत बिरुवा वितरण गरिएको हो। गाउँपालिकाका कृषि शाखा प्रमुख सुरेन्द्र राईका अनुसार इलाम जिल्लाबाट खरिद गरी हे-वार्ड जातका किबिका बिरुवा वितरण गरिएको हो। किबिखेती गर्न इच्छुक गाउँपालिकाभित्रका किसानबाट आवेदन माग गरी प्राप्त आवेदनका आधारमा बिरुवा खरिद गरेर वितरण गरेको छ।

उनका अनुसार किसानलाई आवश्यकता र उपलब्धताका आधारमा ३० देखि एक सय वटासम्म बिरुवा उपलब्ध गराइएको छ। किबि खेतीका लागि ३३ किसानले आवेदन दिएका थिए र आवेदन दिने सबै किसानलाई बिरुवा वितरण गरिएको छ।

गाउँपालिकाका अध्यक्ष विजयप्रकाश वनेमका अनुसार 'एक घर एक फलफूल बगैंचा' विकास गर्ने उद्देश्यले बिरुवा वितरण गरिएको हो। उनले किबिका



बिरुवा प्राप्त गर्ने किसानलाई अन्य प्रजातिका बिरुवा नदिइने पनि स्पष्ट पारे। वितरण गरिएका बिरुवाको नियमित अनुगमन गर्नुका साथै आवश्यक प्राविधिक सहयोग समेत गाउँपालिकाले उपलब्ध गराउने उनले बताए।

त्यसैगरी, किसानले लगेको बिरुवाको उचित स्याहारसुसार नगरेमा वा समयमै नरोपेमा गाउँपालिकाबाट प्रदान गरिने सेवासुविधा रोक्का गर्न सकिने पनि उनले बताए। किसानले उत्पादन गरेको फलफूलको बजारीकरणका लागि समेत गाउँपालिकाले आवश्यक सहजीकरण गर्ने अध्यक्ष बनेमले जानकारी दिए।


**घर ढलान गर्नुछ ?**
तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस्।
सेवामा २४सैं घण्टा उपलब्ध छौं।
सम्पर्क : ९८०२३१३२९० ९८२४०५७७०७ ९८०२३१३२९३

**विशेषज्ञ डाक्टरहरुको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३-५३२८४५)

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।**
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क राजकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**अब बिर्तामोडमा**
**डा. पितामबर ठाकुर**
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराइड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771 (+977) 023-590008
THAKUR POLYCLINIC Birtamode-1, Jhapa, Nepal Opposite of Paschim Bus Stand

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्कः ९८१८७९३९८६, ९८५२६८८९८६

**शुद्ध दूधको स्वस्थ उत्पादन**
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ?
यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस्। यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२ ९८०१३६४०९३

**उच्च गुणस्तर सुलभ मूल्य**
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

DRISHTI Eye Care System — TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईको सेवामा!
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

UNited International Group
**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421 9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com phagdhakgroup@gmail.com

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. : 023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ साथै पीभीसी सिलिङ र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)